# लोकतान्त्रिक संस्कृति र सूचनाको हक

*अरूणा रोय र निखिल डे*

२० फेब्रुअरी २०१२

अरूणा रोय:

नमस्ते!

म भारतबाट शुभकामना लिएर आएकी छु। म यहाँ सूचनाको हक सम्बन्धी ऐन ल्याउनलाई र ६५ वर्षअघि बनेको संविधानमा एउटा स्वाधीन देश लागि गरिएका केही वाचाहरूलाई पूरा गराउन कसरी भारतमा सामूहिक प्रयाश भएको थियो भन्नेबारे आफ्ना अनुभवहरूलाई बाँड्न चाहन्छु। वाचा त धेरै गरिएका थिए, तर तिनलाई पूरा गर्ने काम भने भएको थिएन। हाम्रा आफ्नै कारणहरूले गर्दा सूचनाको हकको विषय अघिल्तिर ल्याउनु परेको थियो। जनता गरिबी र भोकबाट सताइएका थिए। आधारभूत सेवाहरूमा जनताको पहुँच थिएन। किनभने सरकारसित कसरी ब्यबहार गर्ने भन्ने नै हामीले जानेनौं। सरकार त नोकरशाहीबाट जकडिएको हुन्छ र छुद्र राजनीतिज्ञहरू जनजीविकाका आधारभूत कुराहरू पूरा गराउन असमर्थ थिए।

यसैले म मजदूर किसान शक्ति सङ्गठनको बारेमा केही बताउन चाहन्छु। हाम्रो संगठनका लागि यो नाम गरिब किसान र मजदूरहरूको एउटा भेलाले ठूलो छलफलपछि जुराएको थियो। यस संगठनका स्थायी सदस्यहरूमा निखिल डे र म मात्रै मध्यम वर्गीय परिवारबाट आएका हौं। हाम्रो संगठनले भारत (सरकार?) वा विदेशबाट आएको पैसा लिंदैन। हामीलाई आर्थिक सहयोग त्यस्ता व्यक्तिहरूबाट प्राप्त हुन्छ जो हाम्रो संगठनको विचारप्रति सहानुभूति राख्छन्। हामी त्यति नै महिनावारी तलब पाउँछौं जति एक जना किसानले एक दिनमा कमाउँछ। त्यो भनेको महिनाको ४०५० रूपियाँ हो। एक जना किसानले महिनामा तीसै दिन बनि गरेर त्यति नै कमाउँछ। हुन त किसानले तीसै दिन बनि गर्नु वा काम पाउनु गाह्रो छ। हाम्रो लडाई एक हदसम्म अति साधारण तरिकाले बाँच्ने गान्धीवादी दर्शन र साथै समान हक, समानता र सहयोगको मार्क्सवादी सिध्दान्तको बुझाइबाट जन्मेको हो।

भारत स्वाधीन भएपछि एकदमै ठूला नेता (जवाहरलाल नेहरू) हाम्रा प्रधानमन्त्री बने। अनि अर्का अझ ठूला नेता चाहिं पार्टी राजनीति र सत्ताबाट अलग्गै बसे। महात्मा गान्धी कुनै विशेष पद ग्रहण नगरी राजनीतिको वास्तविक सिध्दान्तलाई अनुशरण गर्दै बसे। उनले मृत्युपर्यन्त विवेकको राजनीतिमा विश्वास गरे। भारतले उनीबाट त्यो परम्परा विरासतमा पाएको छ। त्यही विरासत बमोजिम मजदूर किसान शक्ति सङ्गठनले आफूलाई गैर-पार्टी राजनीतिक सङ्गठन मान्दछ। म आफै आफूलाई सामाजिक-राजनीतिक सकृयतावादी भनी ठान्छु। संविधानले अङ्गीकार गरेको

सिध्दान्त अनुरूप र संविधानको परिधिभित्र रहेर मजदूर किसान शक्ति सङ्गठन लोकतान्त्रिक तथा नागरिक र मानव अधिकारका लागि लड्दछ।

सूचनाको हकबारेको आन्दोलन एकदम तलबाट उठेको आन्दोलन हो। हामी जमिनका लागि लडेका छौं, हामी न्युनतम ज्यालाका लागि लडेका छौं। तर आफ्ना मांगहरू लिएर सरकारकहाँ जाँदा हामीले आफ्नो अधिकार पाउन सकेनौं। हाम्रो प्रश्नको उनीहरूबाट सधैं एउटै जवाफ पाउँथ्यौं। उनीहरू भन्थे, " तर हाम्रो रेकर्डमा त यस्तो देखिंदैन"।

हामी गरिबहरूलाई केही नबुझ्ने स्वाँठ भनी ठान्छौं। तर बितेका चालिस वर्षको लगभग पूरै समय भारतको ग्रामीण इलाकामा बिताएकी छु र म भन्छु गरिबहरू मेरा गुरू हुन्। उनीहरूले मलाई सुझबुझ दिएका छन्, समस्याहरूसित  भिडन सिकाएका छन्, बाँडचुँड गर्न सिकाएका छन्, परिचालनको महत्व र राजनीतिक कर्मको महत्व बुझाएका छन्। उनीहरूले मलाई आत्मनियन्त्रण गर्न पनि सिकाएका छन्। जब हामी अघि वढ्न नसक्ने अवस्थामा हुन्छौं तब उनीहरू भन्छन्, " भयो, अब रोकिनु पर्छ। यसभन्दा बढ्ता गर्न सक्दैनौं। हामी पर्खौं" । उनीहरूले मलाई राजनीतिमा धैर्य गर्न सिकाएका छन्

सन् १९६६मा हामीले जनताको सूचनाको हकको विषय उठाएर एउटा राष्ट्रिय आन्दोलन सुरू गऱ्यौं। त्यसले तल्ला तहका जनता र ऐन कानुन बनाउन सक्ने पेशागत सीप भएका मानिसका बीच संवाद  प्रारम्भ भयो। भारतभरिका मीडिया सम्बन्धी चार सयवटा संगठनहरू पनि त्यस आन्दोलनसित आवध्द भइदिनाले हाम्रा सदस्यहरूको आवाज मुखर हुन पायो। तर त्यस आन्दोलनका लागि वास्तवितक उर्जा भने एकदमै गरिब जनताको सङ्घर्षबाट प्राप्त भएको थियो र जसका कारण सरकारमाथि दवाब परिरहयो।

मेरो आफ्नै पृष्ठभूमि भने केही भिन्न छ। मैले बोलेको अङ्ग्रेजी भाषाबाटै तपाइहरू बुझ्न सक्नुहुन्छ म समाजको माथ्लो वर्गबाट आएकी हुँ भन्ने। मेरो पढाइ अङ्ग्रेजी माध्यम भएको स्कूलमा भएको थियो। दिल्ली विश्वविध्यालयबाट अध्ययन पूरा गरेपछि मैले भारतीय प्रशासन सेवामा प्रवेश गरें। सात वर्षसम्म काम गरेपछि सरकारी सेवाबाट मैले राजीनामा दिएँ र राजस्थानमा बस्न थालें। त्यस बेलादेखि म अहिलेसम्म त्यहीं बस्दै आएकी छु। भारतको घिच्रो नोकरशाहीले कसरी दबाउन सक्छ र राजनीतिको खेलले कसरी विकास कार्यलाई अवरूध्द गर्न सक्छ भन्ने कुरा मैले आफ्नै आँखाले देखेकी छु। नेतृत्वमा बद्लिए पनि शासन शैलीमा कुनै परिवर्तन नआएको मैले देखेकी छु। मेरो यो अनुभव मजदुर किसान शक्ति सङ्गठनले चाहेको ऐन कानुन पारित गराउने काम उपयोगी सावित भयो।

राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन (रा ग्रा रो प्र ऐ) बाट रोजगारको हक आएको छ, खाध्य हक सम्बन्धी विधेयक पनि बन्दै छ, अनि स्वास्थ्य, शिक्षा र अरू पनि विषयका सवालहरू छन्। सरकारले यी हक-अधिकार नदिने हो भने जनताले आन्दोलनव्दारा  यी हक प्राप्त गर्नु वैधानिक कार्य हो। लोकतान्त्रिक संस्कृतिलाई कसले परिभाषित गर्छ भन्ने प्रश्न उठ्छ। के त्यो काम मेरो हो, किनभने म अङ्ग्रेजी भाषा जान्दछु, विभिन्न सूचना तथा जानकारी र इन्टरनेट आदिमा मेरो पहुँच छ? कि लोकतन्त्र वा लोकतान्त्रिक संस्कृतिलाई जनताले परिभाषित गर्ने हो? अथवा लोकतान्त्रिक संस्कृति भनेको हाम्रो सामूहिक गतिविधि हो ,जहाँ हामी धेरै जना बसेर छलफल गर्छौं, एकअर्का मतमतान्तर सुन्छौं र तर्क बितर्क गर्छौं?

म तपाईहरूलाई एउटा कथा सुनाउँछु। आफ्नो तर्क सावित गर्नलाई कथा सुनाउने हाम्रो चलन छ। गाउँमा गएर तपाईले त्यहाँका जान्नेसुन्नेहरूलाई भेट्नु भयो भने उनीहरूले तपाईलाई यसो गर्नु उसो गर्नु भनेर सोझै भन्दैनन्। त्यसको सट्टा उनीहरू कथा सुनाउँछन्। सन् १९९६मा  जनताको सूचनाको हकबारे राष्ट्रिय अभियान थाल्ने सिलसिलामा हामी दिल्ली गएका थियौं। हामीबीच भारतका पूर्व-प्रधानमन्त्री भी पी सिंह थिए, जर्ज फर्नान्डिज थिए साथै कुलदीप नायर, निखिल चक्रवर्ती, अजीत भट्टाचार्य, प्रभास जोशी आदि पत्रकार र सकृयतावादी पनि थिए। त्यहाँ राजस्थानको गाँउबाट गएका चार जना गाउँले पनि थिए जसमध्ये एउटी महिला थिइन्। तिनको नाम सुशीला थियो।

एक जना पत्रकारले सुशीलातिर फर्केर सोधे, “ तपाईलाई त केही थाहा छैन, तपाई यहाँ किन आउनु भएको? कति पढ्नु भएको छ तपाईले?” सुशीलाले जुरूक्क उठेर भनिन् मैले चार कक्षासम्म पढेकी छु”। ती पत्रकारले भने, “ चार कक्षासम्म पढेर के हुन्छ? सूचनाको हक भनेको त गम्भीर विषय हो। यो त पढेलेखेकाहरूलाई चाहिने कुरा हो। गरिबहरूको यस कुरासित केही सम्बन्ध छैन।“ सुशीलाले त्यसको जवाफ सरल हिन्दीमा दिंदै भनिन्, “ मैले मेरो छोरालाई दस रूपियाँ दिएर दोकानमा केही किन्न पठाएँ भने म उससित हिसाब त लिन्छु। सरकारले मेरो नाममा अर्बौं रूपियाँ खर्च गर्छ अनि मैले त्यसको हिसाब सोध्न पाउँदिन? यो हाम्रो पैसा हो, यसको हिसाब पनि हाम्रो हो”।

उनको त्यस भनाइबाट सत्रवटा भाषामा हाम्रो ठूलो नारा बन्यो।  हमारा पैसा, हमारा हिसाब- हाम्रो पैसा, हाम्रो हिसाब। उनको तर्क सोझो र सरल थियो। सूचनाको हकको पक्षमा गरिने अनेकओली तर्कभन्दा उनको भनाई सिधा थियो। मैले तपाईको घरमा के कति खर्च गर्नुहुन्छ या छोरीको बिहेमा कति खर्चिनुहुन्छ भनी सोधेको होइन। तर जनताको पैसाको हिसाब जनताले पाउनु पर्छ।

निखिल डे

म छोटकरीमा जनताको दृष्टिकोण बताउन चाहन्छु। जनताको यस आन्दोलनको सहभागी भएर अरूणा र मैले जनताको अभूतपूर्व साहस देख्ने मौका पाएका छौं।

म यस हलमा उपस्थित धेरै अनुहारहरूलाई चिन्दछु। हामी भारतका धेरै ठाउँमा संगसंगै बोलेका छौं। हाम्रो जो वर्ग छ त्यो ज्यादै बाङ्गो विचार राख्दछ। हामी भन्छौं यस सिस्टममा केही पनि हुन सक्दैन। हाम्रो सङ्गठनले जुन मानिसहरूसित मिलेर काम गर्दछ ती निमुखा छन्। अहिले काम नगरी उनीहरूको भरैको खाना जुट्दैन। तर पनि उनीहरूले यस आन्दोलनका लागि समय दिएका छन्। एउटा सानो स्थानियरूपमा थालिएको यो सङ्घर्ष
वढेर राष्ट्रिय अभियान बन्न पुगेको छ। सूचनाको हकबारे एउटा राष्ट्रिय कानुन नभई रेकर्डमा जनताको पहुँच हुन सक्तैन भन्ने बोध सबैलाई हुँदै गएको छ। सार्वजनिक सुनुवाइको पहिलो शृङ्खला हामीले अनौपचारिक तवरमा प्राप्त गरेको रेकर्डका आधारमा सुरू गरेका थियौं। हामीले सरकारी रेकर्डका सूचनाहरूलाई सार्वजनिक क्षेत्रमा ल्याएपछि त्यसलाई रोक्ने काम भयो। त्यसबाट सूचनाको पहुँचका लागि सङ्घर्ष चलाइ राख्न पर्छ र तत्सम्बन्धी ऐननियमहरू पनि आवश्यक छन् भन्ने जनताले बुझे।

हामीले सबभन्दा पहिले राजस्थानको स्थानिय प्रशासनका नियमहरू सन् १९९०को दसकको अन्त्यतिर परिवर्तन गराउन लगायौं। अनि तमिलनाडु,राजस्थान र गोवा राज्यका कानुनहरू आए। त्यसपछि ती राज्य कानुनहरूलाई सुधार गर्न लगायौं र पछिबाट राष्ट्रिय कानुन पनि आयो। तर यस अवधिमा शक्तिको केन्द्रीकरण तोड्न कति जरूरी छ भन्ने कुरा जनतालाई बुझाउन हामीले सूचनाको हकलाई नै उपयोग गरिरहयौं। हाम्रो आन्दोलन स्थानिय स्तरबार वढेर राष्ट्रिय स्तरको अभियान बनेपछि भटाभट कानुनहरू बन्न थाले। तर कानुन आउँदैमा सबै कुरा बदलिन्छ भन्ने हामी ठान्दैनौं। यी कानुनहरूबाट केही परिवर्तन अवश्य आएका छन्। त्यसो किन हुन सक्यो भने ती कानुनहरू सङ्घर्षबाट आएका हुन्। कानुन मात्र यतिकै आएको भए त्यो ऐनका किताबहरूको ठेलीमा हराएर जाने थियो। भारतका सयकडौं राम्रा कानुनहरू छन्, तर ती लागु भएका हामीले देखेका छैनौं। तर यस कानुनको प्रभाव भने सर्वत्र देखिन्छ।

सूचनाको हकबारेको जानकारी वास्तवमा फैलिरहेको छ। यसो भन्दैमा प्रत्येक भारतीय नागरिकलाई सूचनाको हक के हो त्यो थाहा छ भन्ने होइन। भारतका हज्जारौं गाउँहरू छन् र प्रत्येक गाउँमा एक या दुई जनालाई त यसबारे केही न केही जानकारी अवश्य छ। गाउँलेहरू यसलाई सूचनाको हक त भन्दैनन्, त्यसो नभने पनि उनीहरू ' आर टी आइ डालो' ( अथवा 'आर टी आइ हाल्देउ न') भन्छन्। आर टी आइको निवेदन दिएमा सबै काम बन्छ भन्ने मानिसमा परेको छ।

यो कसरी हुन सक्यो त ? म यस सङ्घर्षको सैध्दान्तिक पक्ष र यो सङ्घर्ष कसरी केही नाराहरूको सहारा लिएर लोकतन्त्रसित जोडिन पुग्यो त्यसबारे केही बताउन चाहन्छु। जम्मा तीन वटा नारा थिए। एउटा नाराबारे त अरूणाले बताई सकिन् सुशीलाले सबैको मुखेन्जी 'हमारा पैसा, हमारा हिसाब' ( हाम्रो पैसा, हाम्रो हिसाब) भनेको कुरा। तर हामी पहिलोचोटी त्यस क्षेत्रमा जाँदा मानिसहरू यो सरकारको पैसा हो यसलाई बल्न देउ भन्थे। तर उनीहरूले कामको ज्याला नपाएपछि ' यो मेरो पैसा हो, तर मैले नै पैसा पाउँदिन' भन्न थाले। जब उनीहरूले आफूजस्ता धेरैको पीर उस्तै छ भन्ने बुझे तब 'हाम्रो पैसा, हाम्रो हिसाब" भन्ने नारा निस्क्यो।

त्यसको केही पछि अर्को नाराको जन्म भयो - 'यह पैसा हमारे आपके, नहीं किसिके बाप के' ( अर्थात् यो पैसा तपाई हाम्रो हो, कसैको बाउको होइन) । अब प्रश्न हिसाबको मात्र रहेन, प्रश्न जिम्मेवारीको थियो, जवाफदेहीको थियो। पैसा कहाँ र केमा खर्च भइरहेको छ? पैसा कुनै सांसदको घरको सडक बनाउन खर्च भइरहेको छ कि कुनै दलित बस्तीमा जाने सडक बनाउका लागि? पार्क बनाउनका लागि पैसा खर्च भइरहेको छ कि स्कूल बनाउनका लागि? यस्ता खाले प्रश्नहरू उठ्न थालेका थिए।

अनि आयो कुरा लोकतान्त्रिक सरकारको । 'यस सरकार हमारी आपके, नहीं किसिके बाप के' ( यो सरकार हाम्रो हो, कसैको बपौती होइन), यह पञ्चायत हमारा आपका, नहीं किसिका बाप का ( यो पञ्चायत हाम्रो हो, कसैको बपौती होइन), यह देश हमारा आपका, नहीं किसी के बापका ( यो देश हाम्रो हो, कसैको पेवा  होइन)

यी नाराहरूको निहितार्थले जनताको बुझाइमा आएको परिवर्तनलाई देखाउँछ। पहिले तपाई हिसाब माग्नुहुन्छ, त्यसपछि त्यसको जवाफदेही खोज्नुहुन्छ, अनि सरकारलाई उल्टाउन खोज्नुहुन्छ। सरकारको हरेक कामको हिसाबकिताब खोज्ने हो र सरकारको हरेक काममा तपाईले भाग लिन पाउने हो भने त्यस्तो हरेक क्षण र हरेक निर्णयलाई क्रान्तिकारी परिवर्तनको हिस्सा मान्नु पर्छ।

हामीले सुरूमा धेरै आलोचना खेप्नु पर्‍यो।' के हो यो सूचनाको हक भनेको?' ' तपाईहरूले त भूमि र न्यूनतम ज्यालाका लागि लड्नु पर्छ।'  ' तपाईहरूले आवास र रोटीका लागि लड्नु पर्छ'। तर जमीन, ज्याला, भूमिको पुनर्वितरण, अवसरको समानता आदि चाहने हो भने पहिले लोकतन्त्रको शक्तिकेन्द्रमा प्रहार गर्नुपर्छ भन्ने कुरा जनताले बिस्तारै बुझ्न लागे। सूचनाको हकका लागि थालिएको आन्दोलनले दिएको सबैभन्दा ठूलो सन्देश   शक्तिको पुनर्वितरण हुनुपर्छ भन्ने थियो।

हामीले सूचनाको हकका कारण राज्यको कार्य शैलीमा परिवर्तन आएको देखेका छौं। राज्यले गर्नु पर्ने खास खास कार्यहरू र जिम्मेवारीहरू छन्। हामी बलियो र जिम्मेवार राज्य चाहन्छौं। अब म दुईवटा कुरामा प्रकाश पार्न चाहन्छु।

सूचनाको हकका लागि थालिएको लडाइमा पछि रोजगारीको मांग थपियो। हामी बस्ने ठाउँ राजस्थान राज्यको सुखाग्रस्त इलाकामा पर्छ, जहाँ एक वर्ष पानी पऱ्यो भने कैयौं वर्ष फेरि पानी पर्दैन। पानी नपरेर सुखा परेको बेला त्यस ठाउँका जनता भीख होइन काम चाहन्थे। रा ग्रा रो प्र ऐन को सुरू सुरूको नारा यस्तो थियो - 'हर हात को काम मिले, काम का पूरा दाम मिले' ( अर्थात् हरेक हातलाई काम र काम अनुसारको दाम)। संसारभरि नै आर्थिक उदारवाद र नवउदारवादको हावा चलेको बेला भारतले भने रा ग्रा रो प्र ऐन ल्याएको थियो। यस अनुसार ग्रामीण इलाकाका कुनै पनि भारतीय नागरिकले आफु बसेको ठाउँको पाँच किलोमिटर वर्तिर पर्तिर रोजगार माग्न सक्छ र उसलाई वर्षभरिमा घटिमा १०० दिन रोजगार पाउनै पर्छ र न्यूनतम ज्याला दिनै पर्छ। यी कुराहरू माथि उल्लेखित ऐनले ग्यारेन्टी गरेको छ। अहिलेको अवस्थामा केही नभए पनि साढे चार करोड जनता प्रत्येक वर्ष रा ग्रा रो प्र ऐनबाट लाभ उठाउँछन्। त्यसका लागि १० अर्ब अमेरिकी डलर बजेट छुट्याइएको छ र रा ग्रा रो प्र ऐनको मांग वढन गएमा बजेट रकम पनि वढन जानेछ। भारत सरकारको बजेटमा यो शीर्षकको रकम मात्र मांगमा आधारित छ- जति मानिसले काम माग्छन् तिनले काम पाउँछन् र कानुन अनुसार सरकारले उनीहरूलाई काम दिनै पर्छ।

यो गरिब जनतालाई परिचालन गर्ने सबभन्दा बलियो मञ्च हो। जनतालाई परिचालित गर्ने शक्ति भएकै कारण हाम्रा लागि यो कानुन महत्वपूर्ण छ। यसका कारण जनताले रेकर्ड पल्टाउन सक्छन् र प्रश्न सोध्न सक्छन्। रा ग्रा रो प्र ऐनलाई धेरै अर्थशास्त्रीहरूले आलोचना गरेका थिए। भारतमा भ्रष्टाचार व्याप्त छ र यसका लागि छुट्याइए रकम सबै स्वाहा हुन्छ काम भने हुँदैन भन्ने उनीहरूको तर्क थियो। त्यस्तो हुन सक्ने संभावना थियो। बजेटमा छुट्याइएको रकम साँच्चै जनताको हातमा पुग्छ त भन्ने शंका थियो।

त्यसै हुनाले हमारा पैसा, हमारा हिसाब भन्ने कुरा निस्केको हो। यसबारे भएका सार्वजनिक सुनवाइहरूबाट अर्को बाध्यात्मक प्रावधान यसमा थपियो। त्यो थियो हिसाबको लेखापरिक्षण गर्ने पाउने जनताको अधिकार। सरकारी कर्मचारी र प्रशासकहरू राम्रोसित लेखापरिक्षण गर्दैनन्, किनभने उनीहरू पाएसम्म पैसा आफै हसुर्न चाहन्छन्। तर जनता राम्रोसित लेखापरिक्षण गर्छन्, किनभने त्यो पैसा उनीहरूका लागि आएको हो। त्यसले गर्दा सार्वजनिक लेखापरिक्षण र सामाजिक लेखापरिक्षण रा ग्रा रो प्र ऐनको अङ्ग बन्न पुगेको छ। स्थानिय सरकारले छ महिनामा के कति रकम खर्च गर्छ त्यसको विवरण सार्वजनिक फोरममा पढेर सुनाउनु पर्छ। लोकतान्त्रिक लेखापरिक्षणमा जनताले के कति काम भए के कति काम भएनन् भन्न पाउँछन्। जनताले बयान दिन्छन् र ती बयानका आधारमा कानुनी कार्वाही गरिनु पर्छ। आन्ध्र प्रदेशमा यस्तो प्रकृयाले कानुनी संरचनामा ठाउँ पाएको छ। आन्ध्र प्रदेश एक मात्र त्यस्तो राज्य हो जसले यस मामिलामा धेरै राम्रो काम गरेको छ। त्यहाँ सामाजिक लेखापरिक्षणबाट १२५ करोड भा

रू हिनामिना भएको पत्ता लागेको छ। सार्वजनिक सुनुवाइहरूबाट १० देखि १००, १००० र १००,००० रूपियाँसम्म एकपटकमा असुली भएको छ र त्यसप्रकार ३० करोड रूपियाँ असुलिएको छ। झन्डै ७५०० जति सरकारी अधिकृतहरूलाई सेवाबाट बर्खास्त गरिएको छ। ८०० उजुरीहरू परेका छन् र धेरै मामिलामा विभागीय छानबीन चलिरहेको छ। रा ग्रा रो प्र ऐन(NREGA) भ्रष्टाचारको अखाडा नभई भ्रष्टाचार विरूध्द लड्ने अखाडा बनेको छ।

सूचनाको हकले धेरै प्रश्नहरू पनि उमारेको छ। भारतमा प्रत्येक वर्ष सूचनाको हक सम्बन्धी दुई करोड जाहेरी दर्खास्त पर्छन्। ती प्रत्येक जाहेरीका आफ्नै कथा हुन्छन्। न्यायाधीसहरू आफ्नो सम्पत्ति विवरण सार्बजनिक गर्नु पर्ने भएकाले सर्वोच्च अदालत पनि हल्लिएको छ। यस विषयमा सर्वोच्च अदालतले सूचना आयो विरूध्द अपिल गऱ्यो, हाऱ्यो, फेरि अपिल गऱ्यो, फेरि हाऱ्यो। अहिले आएर उच्च न्यायालयको फैसला विरूध्द सर्वोच्च अदालतले आफैलाई अपिल गरेको छ। सूचनाको हक सम्बन्धी ऐनका आधारमा प्रधानमन्त्रीको कार्यालयमा दिनहौं निवेदनहरू पर्छन्। सेना, सरकारका हरेक अङ्ग र नीजि क्षेत्र समेत सूचनाको हकले गर्दा सार्वजनिक निगरानीमा परेका छन्।

तर त्यसका साथै गएको १८ महिनाभित्र सूचनाको हक उपयोग गर्न खोज्ने १५ जना मारिएका छन्। यसबाट पनि थाहा हुन्छ यस आन्दोलनले कसरी शक्तिकेन्द्रहरूलाई हल्लाइदिएको छ भन्ने। अनि यस्ता मानिला कति संगीन हुन्छन् भन्ने कुरा पनि यसबाट बुझ्न सकिन्छ। आज हज्जारौं मानिसहरू भनिरहेछन् ‘ सूचनाको हकका कारण म भ्रष्टाचारका मामिलाहरू प्रमाणित गर्न सक्छु’। तर पनि कारवाही भने भइरहेको छैन। त्यसैले जब भारतमा लोकपालको विषय चर्क्यो, त्यसमा हामीले अरूभन्दा फरक अडान लियौं। हामी पारदर्शीतामा मात्र होइन जवाफदेहीको विषयमा पनि उत्तिकै जोड दिन चाहन्छौं।

लोकपालउपरको विवादमा हाम्रो सबभन्दा ठूलो डर के हो भने त्यस आन्दोलनले भ्रष्टाचार निवारणका लागि जनतालाई समाधानको उपाय बनाउनुको सट्टा शक्ति सम्पन्न सरकारी निकायको मांग गरेको छ। हाम्रो विचारमा प्रहरीलाई त्यतिविधि शक्ति दिइनु हुँदैन। हाम्रो विचारमा एउटा राष्ट्रिय आयोग गठन गरिनु पर्छ, लोकपाल चाहिं माथ्लो प्रशासनिक तहका लागि हुनुपर्छ र तल्ला तहमा हुने भ्रष्टाचारका लागि भने अर्कै निकाय खडा गरिनु पर्छ। हामीले दैनन्दिनको व्यबहारमा जनताको हक र सुविधालाई समेट्ने गुनासो निवारण विधेयक प्रस्ताव गरेका छौं। त्यो विधेयक अहिले संसदमा पुगेको छ। केही गरी त्यो विधेयक पारित भएमा त्यो भारतका लागि मात्र नभई संसारकै लागि कानुनी कोसेढुङ्गा साबित हुनेछ। छोटकरीमा भन्ने हो भने, त्यसो भएमा कुनै पनि नागरिकलाई कुनै किसिमको शिकायत गर्नु छ भने ३ नजिकको कुनै कार्यालयमा गएर आफ्नो शिकायत दर्ता गराउन सक्छ। सम्बन्धित विभागलाई त्यस्तो शिकायत हेर्न एक महिनाको समय दिइएको हुन्छ। यदि म्यादभित्र कुनै कार्वाही नभएमा जिल्ला स्तरमा

गठन भएको स्वतन्त्र प्राधिकारीले त्यसलाई हेर्छ जसले सम्बन्धितलाई सजाय दिन वा क्षतिपूर्ति दिलाउन सक्छ। यस्तो कानुन आउँदैमा सबै कुरा ठिक भइहाल्छ भन्ने हामी ठान्दैनौं। तर हामीलाई के लाग्छ भने यदि सूचनाको हकले लाखौं लाख प्रश्नहरू उठाउने ठाउँ दियो भने नयाँ बन्ने ऐनले जनताका लागि हरेक तहको सत्ता र शक्तिसित जुध्ने करोडौं करोड अवसर दिनेछ र सत्तालाई कज्याउने ठाउँ दिनेछ।

अरूणा रोय:

हामीले बुझेका छौं यदि हामीले जमीनको पुनर्वितरणको मांग गर्‍यौं भने हामी जमीन पाउँछौं, स्कूलमा पढ्न पाउने अधिकार माग्यौं भने हामी स्कूल जान पाउँछौं। तर सूचनाको हक र रा ग्रा रो प्र ऐनले वास्तवमा जनतालाई निर्णय लिने लोकतान्त्रिक प्रकृयामा सामेल गराउँदछ। त्यसैले यिनको महत्व छ, यध्यपि नीतिका कुरा बेग्लै हो। भारतको परमाणु नीतिसित म सहमत छैन, तर कसैले मेरो बिचार सोध्दैन। हामी सरकारले ससाना खुद्रे पसलहरूमा विदेशी हस्तक्षेप नहोस् भन्ने चाहन्छौं, तर सरकार हामीसित सोध्दैन। सरकारले पाँच वर्षका लागि हाम्रो भोट लिन्छ। तर चुनाव भइसकेपछि पाँच वर्षका लागि केही नबोली चुपचाप बस्छ। म कुनै प्रश्न गर्न सक्दिन। मेरो काम भोट खसाल्नु मात्रै हो र त्यसपछि सरकार हाम्रो मुख हेर्न चाहँदैन। तर लोकतन्त्रमा भोटका लागि भोट हुनु हुँदैन, यो त हाम्रा संवैधानिक हक र जनताका हितका लागि हुनु पर्छ। त्यसै हुनाले शक्तिको बाँडफाँडमा यस्ता संवादहरू आवश्यक छन्।

मलाई पनि कहिलेकाँही यी अनेक थरी मुद्दाहरूमा अल्झिनु भनेको टाउको दुखाइ हो। त्यसै हुनाले खास खास विषयलाई हेर्ने अनेकन् समूहहरू चाहिन्छन्। मलाई किसान र मजदुरका समस्याहरूबारे केही थाहा होला, महिला सम्बन्धी विषयमा केही जानकारी होला, तर व्यापारको विषयमा मलाई थाहा छैन। बिउबिजनमा आनुवंशिक रूपान्तरणबारे म केही जान्दिन। तर यी सबै विषय यस्ता हुन् जसबाट भारतको समग्र राजनीतिक मुहार फेरिन सक्छ। त्यसकारण हामीलाई वहुविध समूहहरू चाहिन्छन्। अनि हामीलाई लोकतान्त्रिक बहुलतालाई स्वीकार गर्न कर लाग्छ।

सूचनाको हकले प्रश्न गर्ने संस्कृतिलाई जन्म दिएको छ। दक्षिण एशियाली संस्कृतिमा आफूभन्दा पाकालाई प्रश्न गर्न सक्दैनौ, हामी स्कूलको कक्षामा प्रश्न गर्न सक्दैनौं, हामी सार्वजनिक रूपमा प्रश्न गर्न सक्दैनौं, महिलाले प्रश्न गर्न सक्दैनन्। धेरै ठाउँमा हामी मुख खोल्न पनि सक्दैनौं। त्यसका लागि हामीले प्रश्न गर्ने संस्कृतिको निर्माण गर्नु परेको छ। त्यसै हुनाले हामी एउटा अर्को मुद्दा उठाइरहेछौं। त्यो हो यस्तो कानुनको निर्माण जसअन्तर्गत कुनै पनि विधेयक संसदमा जानुअघि र त्यो कानुन बन्नुअघि जनतासामु छलफलका लागि त्यसलाई ल्याइनु पर्छ। यस कुरामा प्रतिरोध हुनेछ, तर हामीले लड्नु पर्छ। अहिले भारतीय संसदमा ६१ वटा कानुनहरू विचाराधीन छन्। तर मलाई थाहा छैन ती के कस्ता कानुनहरू हुन्। तिनमध्ये कतिपय कानुन

मेरो पूरै जीवनलाई नै बदलिदिने पनि हुन सक्छन्। एकपल्ट कानुन बनिसकेपछि तिनलाई बदल्न साह्रै कठिन हुन्छ।

अन्तमा, म के भन्न चाहन्छु भने असहमतिका लागि ठाउँ हुनु पर्छ। हालसालै भारतमा ठूलो तर्क बितर्क चल्यो। के भ्रष्टाचारप्रति उठेको दोस्रो आवाजले नागरिक समाजलाई टुक्र्याउने काम गरेको छ? के नागरिक समाज एक ढिका छ? नागरिक समाजभित्र पनि विभिन्न विचारधारा छन्। त्यहाँ विभिन्न समूह छन् , हाम्रो कार्य क्षेत्र बेग्लै छन्। म गरिबका लागि काम गर्छु। म दलित, महिला र अल्पसङ्ख्यकहरूको हकमा बोल्छु। धनाढ्यहरूका लागि काम गर्ने मानिसले अर्वपति-खर्वपतिका कुरा गर्छन्, ब्यापारिक कारोबार र सम्झौताका कुरा गर्छन् र कसरी मुलुकको अर्थतन्त्र प्रति वर्ष ८।५ प्रतिशतका दरले वृध्दि हुन्छ त्यसबारे कुरा गर्छ। अनि कसरी हामी एक हुन सक्छौं? हामी एक हुनै सक्तैनौं। लोकतान्त्रिक समाजमा असहमतिका लागि ठाउँ हुन्छ। त्यसैले अहिले चर्काचर्की विवाद चलिरहेछ, यो विवाद भविष्यमा झनै चर्किने छ। हामीलाई संसदीय लोकतन्त्र चाहिएको हो कि राष्ट्रपतिय प्रणाली चाहिएको हो त्यसमा विवाद वढ्ने छ। गरिब जनता संसदीय लोकतन्त्र चाहन्छन्, किनभने उनीहरू आफ्ना प्रतिनिधिलाई समात्न सक्छन्। तर धनाढ्य र ठालुहरू राष्ट्रपतिय प्रणालीको पक्षमा छन्, किनभने यस प्रणालीमा उनीहरू आफ्नो प्रभाव जमाउन सक्छन् र तथाकथित 'कार्यदक्षता' को प्रदर्शन गर्न सक्छन्।

म आफ्नो भनाइ मलाई मन पर्ने राजनीतिक दर्शनशास्त्री, कवि, लेखक र वामपन्थी तथा खासगरि दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टीका नेता जेरेमी क्रोनिन उक्तिबाट टुङ्ग्याउन चाहन्छु। उनको यो उक्ति मेरो दिमागमा सधैं घुमिरहन्छ र यो मेरा लागि मन्त्र जतिकै भएको छ, जुन यसप्रकार छ : " अब हामीले सत्तालाई सत्य कुरा बताउनु पर्छ। अब हामीले सत्यलाई शक्तिशाली बनाउनु पर्छ। अब हामीले शक्तिशालीलाई सत्यवादी बनाउनु पर्छ"। आखिर लोकतन्त्र भनेको के हो ? लोकतन्त्र भनेको सत्य कुरा सत्तालाई बताउनु हो। सत्यको जीत भएमा हामीबीच अझ वढी ऐक्यवध्दता, शान्ति, सामाजिक न्याय र समानता स्थापित हुनेछ।

धन्यवाद।

यस प्रवचनको आयोजना हिमाल साउथएशियनको सहयोगमा गरिएको थियो।